**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः २८ मार्च २०२३

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. केन्द्र सरकारले वर्ष २०२४-२५ का लागि महात्मा गान्धी राष्ट्रिय ग्रामीण रोजगार ग्यारेन्टी अधिनियम-मनरेगा अन्तर्गत संशोधित वेतनको विषयमा अधिसूचना जारी गरेको छ।

२. पश्चिम बंगालको तीन वटा लोकसभा सीटमा १९ अप्रैलमा हुने पहिलो चरणको मतदानका लागी केंद्रीय मंत्री निसिथ प्रमाणिक सहित कुल ४२ जना उमेदवारहरुले नामांकन भरेको छ।

३. आज लोकसभा चुनाउको दोस्रो चरणका लागि नामाङ्कन दर्ता गर्ने पहिलो दिन दार्जिलिङ संसदीय आसनका लागि आज दुईजना प्रार्थीहरूले आफ्नो नामाङ्कन बुझाएका छन्।

४. आगामी लोकसभा चुनावको पहिलो चरणमा हुने चुनावमा जलपाईगुडी संसदीय सीटको लागि जम्मा १३ उमेदवारहरुले नामांकन पत्र बुझाएका छन्द्य

५. ोलकाता लगायत राज्यको अन्य भागहरुमा होली पछि मौसमले करवट लिएको छ। लगातार भइ रहेको हल्का बर्षा बीच तापमानमा बढ्न थालेको छ ।

**केन्द्र-मनरेगा**

केन्द्र सरकारले वर्ष 2024-25 का लागि महात्मा गान्धी राष्ट्रिय ग्रामीण रोजगार ग्यारेन्टी अधिनियम-मनरेगा अन्तर्गत संशोधित वेतनको विषयमा अधिसूचना जारी गरेको छ। एक अदक्ष मजदुरलाई हरियाणामा 374 रुपियाँ, गोवामा 365 रुपियाँ, कर्नाटकमा 349 रुपियाँ, केरलामा 346 रुपियाँ र पञ्जाबमा 322 रुपियाँ मजदुरी दिइनेछ। ग्रामीण विकास मन्त्रालयले अधिसूचना 1 अप्रेलदेखि लागू हुने जनाएको छ । मनरेगा मजदुरहरूको मजदुरी दर यसभन्दा अघि गत वर्ष मार्चमा संशोधन भएको थियो।

****** ० ******

**दोस्रो चरण अधिसूचना**

लोकसभा चुनावको दोस्रो चरणको अधिसूचना आज जारी गरिएको छ। यस चरणमा 12 राज्यहरुको 88 लोकसभा सीटहरु, केन्द्रशासित प्रदेशहरु अनि बाहरी मणिपुर लोकसभा निर्वाचन क्षेत्रको रहल भागहरुमा चुनाव हुनेछ। बाहरी मणिपुर निर्वाचन क्षेत्रको एक भागमा यस चरणमा मतदान गरिने छ। पहिलो चरणमा केरलको 20, कर्नाटकको 14, राजस्थानको 13, उत्तर प्रदेश अनि महाराष्ट्रमा 8-8, मध्य प्रदेशमा 7 अनि असम र बिहारमा 5-5 सीटको लागी मतदान हुनेछ। यस चरणमा पश्चिम बंगाल अनि छत्तीसगढको 3-3 वटा सीट अनि मणिपुर, त्रिपुरा, र जम्मू-कश्मीरमा एक-एक सीटको लागी मतदान हुनेछ। नामांकन भर्ने अन्तिम मिति 4 अप्रैल सम्म हुनेछ अनि 26 अप्रैलको दिन मतदान हुनेछ। जम्मू-कश्मीर छोडेर अन्य सबै राज्य अनि केन्द्रशासित प्रदेशहरुमा नामांकन-पत्रको जांच 5 अप्रैलमा हुनेछ अनि जम्मू-कश्मीरमा नामांकन-पत्रको जांच 6 अप्रैलको दिन हुनेछ।

****** ० ******

**पश्चिम बंगाल चुनाव**

पश्चिम बंगालको तीन वटा लोकसभा सीटमा 19 अप्रैलमा हुने पहिलो चरणको मतदानका लागी केंद्रीय मंत्री निसिथ प्रमाणिक सहित कुल 42 जना उमेदवारहरुले नामांकन भरेको छ। नामांकन पत्र बुझाउने अन्तिम सम्म कूचबिहार, अलीपुरद्वार अनि जलपाईगुड़ी निर्वाचन क्षेत्रबाट १७ प्रत्यासीहरुले नामांकन पत्र बुझाएको छ । प्रमाणिक बाहेक तृणमूल कांग्रेस उम्मीदवार जगदीश चंद्र बर्मा बसुनिया सहित कुल 18 प्रत्यासीहरुले कूचबिहार लोकसभा क्षेत्रबाट आफ्नु नामांकन पत्र बुझाएको छ। अलीपुरद्वारमा,

तृणमूल उम्मीदवार प्रकाश चिक बड़ाईक एवं मदारीघाटबाट भाजपा उम्मीदवार  विधायक मनोज टिग्गाले पनि नामांकन पत्र बुझाए। जलपाईगुड़ीमा कुल 13 उम्मीदवारहरुले  नामांकन पत्र बुझाएका छन् । यसमा  भाजपाको जयंत कुमार रॉय अनि तृणमूल कंग्रेजको निर्मल चंद्र रॉय शामिल छन्। नामांकन पत्रको जांच 28 मार्च को दिन हुनेछ अनि  उम्मीदवारी फिर्ता लिने अन्तिम मिति 30 मार्च सम्म रहेको छ। पश्चिम बंगालमा 19 अप्रैल देखि एक जून सम्म  सात चरणमा  मतदान हुनेछ।

****** ० ******

**पश्चिम बङ्गाल/केन्द्रीय बल**

लोकसभा चुनावको मतदान हुनु अघि पश्चिम बङ्गालमा  फेरि एकपल्ट केन्द्रीय बलहरुको तैनाथी सुरु हुने छ। चुनाव आयोगले दिएको जानकरी अनुसार केन्द्रीय बलको अझै 27 कम्पनीहरु 1 अप्रैल दिन बंगाल आइरहेका छन् ।  मतदानको पहिलो चरण मा केन्द्रीय बल का 25 कम्पनीहरु तैनात  गरिने छन् । स्मरण गराइन्छ कुन जिल्लामा कति सुरक्षा बलको टैनती हुने छ यस विषय चुनाव आयोग ले अगावै जानकारी दिसकेको छ।प्राप्त जानकारी अनुसार यो 27 कम्पनी मा 15 कम्पनी C R P F, 5 कम्पनी B S F अनि 7 कम्पनी CISF का  जवानहरु रहने छन्। आयोगले भनेको छ कुचबिहर जिल्लामा केन्द्रीय बलको 12 कम्पनी अलिपूर्द्वामा 6 कम्पनी अनि जलपाईगुडी मा 7 कम्पनी केन्द्रीय बल तैनात गरिने छ। सिलिगुडी पुलिस कमिश्नराटे क्षेत्रमा पनि 2 कम्पनी केन्द्रीय बल तैनात गरिने छ।ज्ञात रहोस्  पहिलो चरणमा 1 मार्च को दिन 100 कम्पनी अनि दुस्रो चरण 7 मार्चमा 50 कम्पनी गरेर  दुई चरणमा केन्द्रिय वलको 150 कम्पनी राज्य मा पहिले नै आइसकेका छन्। यिकेन्द्रिय बल हरु लाई चुनाव घोषणा हुन अघि नै राज्यमा पठाइएको थियो।

****** ० ******

**गोपाल लामा**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा समर्थित तृणमूल कंग्रेस प्रार्थी गोपाल लामाले आज दार्जीलिङ संसदीय सिटका लागि आफ्नो नामांकन पत्र बुझाउनु भएको छ। नामाङ्कन पत्र भर्न अघि आज बिहान 8 बजी भागोप्रमो केन्द्रीय अध्यक्ष एंव जीटीए प्रमुख कार्यपाल अनित थापा, प्रार्थी गोपाल लामा अनि भागोप्रमोका नेतृत्वहरुले दार्जिलिङको महाकाल बाबा धाम पुगेर पूजा अर्चना गरे। आगामी 26 अप्रेलको दिन दोस्रो चरणमा हुने लोकसभा चुनावको लागि गोपाल लामाले दार्जीलिङ जिल्ला शासक कार्यालयमा आफ्नो नामांकन पत्र भर्नु भएको हो। गोपाल लामाले भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका केन्द्रीय महासचिव अमर लामा, सिलगढीका मेयर गौतम देव, भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका केन्द्रीय चुनाव प्रभारी ज्योतिकुमार राई लगायत अन्यको साथमा गएर दार्जीलिङ जिल्ला शासक डा प्रीति गोयललाई आफ्नो नामांकन पत्र बुझाउनु भयो। नामांकन पत्र भर्नुअघि दार्जीलिङको चौरास्तामा भागोप्रमोद्वारा एक चुनावी सभा सम्पन्न भएको थियो। उक्त चुनावी सभालाई भागोप्रमो केन्द्रीय अध्यक्ष एंव जीटीए प्रमुख कार्यपाल अनित थापा, तृणमूल कंग्रेस प्रार्थी गोपाल लामा, भागोप्रमो केन्द्रीय उपाध्यक्ष प्रमोस्कर ब्लोन, बिमल जालमिया आदिले सम्बोधन गरेका थिए। सभापछि गोपाल लामाको पक्षमा चौरास्ता परिसरबाट नौमति बाजाको साथमा रैली पनि निकालिएको थियो। उक्त रैलीले दार्जिलिङ शहर परिक्रमा गर्दै जिल्ला शासक कार्यालयमा पुगेर नामांकन पत्र बुझाउने कार्य सम्पन्न गरियो। उक्त चुनावी सभा र रैलीमा भागोप्रमो अध्यक्ष अनित थापा, तृणमूल नेत्री पापिया घोष, शान्ता छेत्री, एलबी राई लगायत अन्य तृणमूल कंग्रेसका नेतृत्वहरू र भागोप्रमोका पदाधिकारीहरू उपस्थित रहेका थिए।

****** ० ******

**शाहरिया आलम**

आज लोकसभा चुनाउको दोस्रो चरणका लागि नामाङ्कन दर्ता गर्ने पहिलो दिन दार्जिलिङ संसदीय आसनका लागि आज दुईजना प्रार्थीहरूले आफ्नो नामाङ्कन बुझाएका छन्। आज पहिलो दिन तृणमूल प्रार्थी गोपाल लामासँगै एसयूसीआई (सी)-प्रार्थी डा. शाहरिया आलमले दार्जीलिङ जिल्लापाल कार्यालय आफ्नो नामाङ्कन बुझाएका छन्। उहाँले दार्जीलिङ जिल्ला शासक कार्यालयमा पुगेर जिल्ला शासक डा प्रीति गोयललाई आफ्नो नामांकन पत्र बुझाउनु भयो।  नामांकन पत्र अघि पार्टीका नेतृत्वहरूले दार्जिलिङको रेलवे स्टेशनदेखि जिल्लापाल कार्यालयसम्म रैली निकालेका थिए। रैलीमा केन्द्रको भाजपा सरकार अनि राज्यको तृणमूल कंग्रेस सरकारविरुद्ध व्यापक नाराबाजी पनि गरिएको थियो। आफ्नो नामांकन पत्र विषयमा पत्रकारहरूसित कुराकानी गर्दै

एसयूसीआई (सी)- प्रार्थी डा शाहरीयार आलमले केन्द्र अनि राज्य सरकारतो जनविरोधी नीतिको विरोधमा आफु खड़ा भएको बताउनु भएको छ।

****** ० ******

**दिलीप घोष**

पश्चिम बंगालकी मुख्यमंत्री ममता बनर्जीको बाबाको बारेमा आपत्तिजनक टिप्पणीलाई लिएर भारतीय जनता पार्टी (भाजपा) को वरिष्ठ नेता दिलीप घोष विरुद्ध दुर्गापुर थानामा प्राथमिकी दर्ता गरिएको छ । एक अधिकारीले यस कुराको जानकारी गराउदै घोष विरुद्ध भारतीय दंड संहिता (आईपीसी) अनुसार शांति भंग गर्ने उदेश्यले जानीबुजी अपमान गरेको अनि कुनै महिलाको गरिमाको अपमान गर्ने उदेश्यले शब्द प्रयोग गरेको बताएको छ। उल्लेखनीय छ दिलीप घोषले ममता बनर्जीको बाबालाई लिएर प्रश्न गरेका थिए। चौतरफा आलोचना पछि उहाँले आफ्नु टिप्पणिको लागी बुधवार खेद प्रकट गरेका थिए ।

****** ० ******

**कुचबिहार**

कूचबिहारमा उम्मेदवारी पत्रको जाँचपछि 3 जनाको नामांकन रद्द गरिएको छ। ती सबै स्वतन्त्र उम्मेदवार रहेको बताइएको छ। यसपटक कूचबिहारमा १४ जना उम्मेदवार चुनावी मैदानमा छन् । हिजो पहिलो चरणको मतदानका लागि नामाङ्कन दर्ता गर्ने अन्तिम दिन कुचबिहारमा १७ जनाले आफ्नो उम्मेदवारी दर्ता गराएका थिए। केन्द्रीय मन्त्री निशिथ प्रामानिक सहित मोठ 42 उम्मेदवारहरूले पश्चिम बंगालको तीन लोकसभा सीटहरूको लागि 19 अप्रेलमा पहिलो चरणमा हुने मतदानको लागि आफ्नो उम्मेदवारी दर्ता गराएका छन्।

****** ० ******

**मौसम**

कोलकाता लगायत राज्यको अन्य भागहरुमा होली पछि मौसमले करवट लिएको छ। लगातार भइ रहेको हल्का बर्षा बीच तापमानमा बढ्न थालेको छ । अलीपुर स्थित मौसम विभागको क्षेत्रीय मुख्यालयले आज जारी बयानमा बताएको छ कि कोलकातामा न्यूनतम तापमान 26.8 डिग्री सेल्सियस रिकार्ड गरियो गया जुन सामान्य भन्दा दुई डिग्री अधिक हो। अधिकतम तापमान पनि बढेर 33.9 डिग्री सेल्सियस पुगेको छ जुन लगभग सामान्य हो। कोलकाता अतिरिक्त हावड़ा, हुगली, उत्तर अनि दक्षिण 24 परगना, पूर्व अनि पश्चिम मेदिनीपुर, पुरुलिया, बांकुड़ा, झाड़ग्राम, मुर्शिदाबाद सहित राज्यको अन्य भागहरुमा तापमान 26 देखि 35 डिग्री सेल्सियस बीच रह्यो, जसका कारण दिनभरि हल्का गर्मीको अनुभव भयो। पिछले दुई दिनमा बेलुकीको समय कोलकाता लगायत दक्षिण बंगालको अन्य जिल्लाहरुमा बर्षा भइरहेको छ। । उत्तर बंगालको अलीपुरद्वार, कूचबिहार, जलपाईगुड़ी, दार्जिलिंग अनि कलिमपोंगमा पनि मौसम यस्तै छ । आइतबार सम्म हल्का वर्षा हुने सम्भावना । यस पछि तापमान लगातार बढ़ने क्रम सुरु हुने छ ।

****** ० ******